Regd No. 3441/072/73

# नेपाल इन्भेष्टमेण्ट मेगा बैंक कर्मचारी युनियन
# Nepal Investment Mega Bank Karmachari Union

## प्रेस विज्ञप्ती

आदरणीय साथीहरु,

यस नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड हेटौंडा शाखामा कार्यरत कर्मचारी श्री निरञ्जन देवकोटा बैंकको केन्द्रीय कार्यालयबाट मिति २०८० आश्विन १५ गते बोलावट भई हेटौंडा देखि काठमाडौं तर्फ हिडेकोमा निज सोही दिन देखि सम्पर्क विहिन भएको र निजले प्रयोग गर्ने गरेको मोटरसाईकल धादिङ्ग जिल्ला गजुरी गा.पा. स्थित घाटबेसी पुलमा भेटिएको र सो बाहेक निजको हाल सम्म अन्य कुनै जानकारी प्राप्त नभएको व्यहोरा विधितै छ । नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक कर्मचारी युनियन निज सकुशल नै हुनुहुन्छ भन्ने कुरामा अझैपनि आशावादी रहँदै हाम्रा सहकर्मी साथी सम्पर्क विहिन हुनुभएको यस दुःखद घडीमा आशाका साथ निजको खोजिमा लागि रहेको व्यहोरा जानकारी गराउँदछौं । तसर्थ निजको अवस्था के कस्तो छ, सो सम्बन्धमा बैंक व्यवस्थापनले तुरुन्त खोजी गरि तत्काल यथार्थता पत्ता लगाई जानकारी गराउन यस युनियन बैंक व्यवस्थापनसँग जोडदार माग गर्दछ ।

यस्तो दुःखद घडीमा न्युनतम् मानविय संवेदना समेतलाई ख्याल नगरी बैंकका प्रमुख सुचना अधिकारीलाई हवाला दिँदै विभिन्न सञ्चार माध्यममा आएका निराधार समाचार प्रति यस युनियनको गम्भीर ध्यानाकर्षण भएको छ । बैंकका एक कर्मचारीको जीवनसंग गाँसिएको अत्यन्तै संवेदनशील बिषयलाई विषयान्तर गर्नका लागि कसैको व्यक्तिगत चरित्रमाथि दाग लाग्ने खालका समाचार आईरहेको र व्यवस्थापन पक्षले हालसम्म यस सम्बन्धमा कुनै खण्डन नगर्दा कतै नियतवस विषयलाई विषयान्तर गर्न खोजिएको पो हो की भन्ने आशंका पैदा भएको छ । यस विषयमा बैंक व्यवस्थापनलाई तत्काल गम्भिर भएर प्रस्तुत हुन कर्मचारी युनियन ध्यानाकर्षण गराउन चाहन्छ ।

साथै निजको राजिनामा, सो पश्चात् बैंक व्यवस्थापन पक्षबाट समय समयमा भएका भनिएका विभिन्न चरणका अनुसन्धान, निजलाई बैंकको सेवाबाट अवकाश दिने प्रक्रिया लगायतमा भएका कानुनी आधारहरु र सो विषयका सन्दर्भमा व्यवस्थापन पक्षबाट भएका व्यवहार साथै अनुसन्धानका नाममा बैंकका तर्फबाट विभिन्न व्यक्तिहरुबाट संकलन गरेको भनिएको कथित आरोप पत्र लगायत सबै प्रक्रियामा यस युनियनको गम्भिर ध्यानाकर्षण भएको जानकारी गराउँदछौं । यस किसिमका घटना पुनः दोहोरिन नदिनका लागी हाल कर्मचारीहरुलाई अनुसन्धानको नाममा कानुनी व्यवस्था तथा दायरालाई समेत वेवास्ता गरी, गर्ने गरिएको कथित अनुसन्धान तुरुन्त बन्द गर्न युनियन जोडदार माग गर्दछ । साथै सो सम्बन्धमा कहिं कतै अनुसन्धान आवश्यक भएको खण्डमा नियम बमोजीम समिति गठन गरी कर्मचारी सेवा विनियमावलीको अधिनमा रहेर मात्र गर्नु गराउनुहुन युनियन अनुरोध गर्दछ ।

अन्त्यमा, निज कर्मचारी साथीको खोजी कार्यमा व्यवस्थापन तथा सम्बन्धित पक्षलाई हदै सम्मको सहयोग गर्न यस नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक कर्मचारी युनियन सदैब तत्पर रहेको जानकारी गराउँदै बैंकका सम्पुर्ण कर्मचारी साथीहरुलाई उच्च मनोबलकासाथ जिम्मेवारी निर्वाह गर्नु हुन विनम्रताका साथ अनुरोध गर्दछौं ।

शिवहरी भण्डारी
अध्यक्ष

मिति: २०८०/०६/१८

Nepal Investment Mega Bank Karmachari Union
2072